# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
## प्रधान कार्यालय काठमाण्डौ
### खुल्ला प्रतिस्पर्धाबाट धान बिक्री सम्बन्धी सूचना

यस कम्पनीको तपशिलका कार्यालयहरुमा मौज्दात रहेको तपशिलको परिमाण र किसिमको धान खुल्ला प्रतिस्पर्धा गरि बिक्री गरिने भएकोले ईच्छुक फर्म, संस्था वा कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८१/१०/०८ गते सम्म कार्यालय समय भित्र तपशिलका दरभाउपत्र खरीद गरी सो दरभाउपत्र मिति २०८१/१०/०८ गते दिनको १२ बजे भित्र आफुले खरिद गर्न प्रस्ताव गरेको कवोल रकम र परिमाण सहितको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि विस्तृत विवरण र शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरिएको छ। दरभाउपत्र फारम कम्पनीको वेवसाइटमा समेत उपलब्ध रहेको व्यहोरा जानकारी गराईन्छ ।

तपशिल

| क्र.स. | धान बिक्री गरिने कार्यालय | धानको किसिम | धानको परिमाण (क्वीन्टल) | जुटको वोरा सहितको धानको न्यूनतम बिक्री मूल्य (प्रति क्वीन्टल) | दरभाउपत्र बिक्री गरिने कार्यालय | दरभाउपत्र बुझाउने र खोल्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| १ | प्रा.का. धनगढी | मोटा धान | १४,०००.०० | ४२४२।२९ | सम्बन्धित कार्यालयहरू र प्रधान कार्यालय, काठमाण्डौ | प्रधान कार्यालय, काठमाण्डौ |
| २. | मु.शा.का.नेपालगंज | मध्यम धान | २५०००.०० | ४४३५।०९ | | |
| ३. | मु.शा.का. तुल्सीपुर | मोटा धान | १६३२.१४ | ४२४२।२९ | | |
| ४. | शा.का. महेन्द्रनगर | मोटा धान | ३१८४.१२ | | | |

१. उपरोक्त स्थानको लागि सम्बन्धित कार्यालयमा छुट्टाछुट्टै दरभाउपत्र पेश गर्नु पर्नेछ।

२. उल्लेखित बिक्री मूल्यमा बोराको मुल्य रू. २०० प्रति क्वीन्टलको दर समेत समावेश गरी कायम गरीएको हुँदा दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा बोराको मूल्य समेत वा बोराको मूल्य बाहेक धान खरीद गर्न चाहेको विषय स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

३. धान खरिदको लागि बोलपत्र दस्तुर वापत रु.३,०००।— (तीन हजारर रूपैयाँ मात्र, फिर्ता नहुने गरी) यस कम्पनीको नेपाल बैंक लिमिटेड रामशाहपथ स्थित शाखाको खाता नं. ००२००१००५०२४२४००००१ दाखिला गरी कम्पनीको प्रधान कार्यालय र धान मौज्दात रहेको सम्बन्धित कार्यालयहरुबाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

४. पहिलो पटक सूचना प्रकाशित भएको मिति २०८१/०९/२३ गतेले १५ औं दिनसम्म अर्थात मिति २०८१/१०/०८ गते कार्यालय समय भित्र शिलबन्दि दरभाउपत्र सक्कलै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

५. प्राप्त बोलपत्र सोही दिन अर्थात २०८१/१०/०८ गतेको १४:०० बजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधीको उपस्थितिमा खोलिनेछ।बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

६. मौज्दात धानको नमूना हेर्न चाहेमा सम्बन्धित कार्यालयमा सम्पर्क राखी हेर्न सकिनेछ।

७. बोलपत्रदाताको प्रति क्वीन्टल के-कति दरमा धान खरिद गर्ने हो बोलपत्रमा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा कबोल गरेको दर फरक पर्न गएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ।

८. दरभाउपत्र साथ फर्म दर्ता प्रमाणपत्र, कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, करचुक्ता प्रमाण पत्रको छाँया प्रति पेश गर्नु पर्नेछ।

९. रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१०. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ।

११. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको बढीमा ७ (सात) दिन भित्र धान खरिद/बिक्री सम्झौता गर्नु पर्नेछ। सम्झौताको लागि उपस्थित हुँदा आफूले खरीद गर्न प्रस्ताव गरेको धानको दरभाउ रकम बराबरको यस कम्पनीको नाममा जारी भएको **क** बर्गको वाणिज्य बैंकले जारी गरेको कम्तिमा तीन महिना म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

१२. स्वीकृत दरभाउपत्रदाताले धान खरिद/बिक्री सम्झौता भएको मितिले बढीमा ३० (तीस) दिन भित्र आवश्यक रकम दाखिला गरी धान उठाई लैजानु पर्नेछ।

१३. स्वीकृत दरभाउपत्रदातालाई कम्पनीको सम्बन्धित कार्यालयको गोदामबाट धान डेलिभरी दिईनेछ। तौलाई खर्च, सिलाई, लोड, अनलोड, ढुवानी, स्थानीय कर लगायत लाग्न जाने अन्य खर्च स्वीकृत दरभाउपत्रदाताले व्यहोर्नु पर्नेछ।

१४. सूचनामा उल्लेख भए बमोजिम कम्पनीको गोदाममा मौज्दात धानको परिमाण थपघट हुन सक्नेछ। यसरी थपघट हुने परिमाणको मूल्य सोही अनुसार हुनेछ।

१५. यस सूचनामा लेखिएको कुरा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित ऐन/नियम अनुसार हुनेछ।


बिक्री वितरण विभाग<br>
प्रधान कार्यालय, काठमाण्डौ<br>
फोन नं.:०१-४२६२४९८<br>
Email:sales@fmtc.org.np

मितिः२०८१/.../...

**श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**............., कार्यालय, ..............।**

**विषयः धान खरिद/बिक्री सम्बन्धी गोप्य शिलबन्दी दरभाउपत्र**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको प्रादेशिक कार्यालय धनगढी/मुख्य शाखा कार्यालय तुलसीपुर/मुख्य शाखा कार्यालय नेपालगञ्ज/शाखा कार्यालय महेन्द्रनगरमा मौज्दातमा रहेको धान बिक्रि गर्ने सम्बन्धमा त्यस कम्पनीबाट मिति २०८१/०९/२३ गतेको गोरखापत्रमा प्रकाशित सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही कम्पनी/फर्म/संस्थाले यस खाद्य व्यवस्था तथा व्यापार कम्पनीको .................. कार्यालयमा मौज्दातमा रहेको ............ क्वी. धान देहाय बमोजिमको मूल्यमा खरिद गर्न इच्छुक भएको हुँदा कम्पनीले तयार गरेको दरभाउपत्र भरी फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरि पेश गरेको छु/छौं। दरभाउ खरिदको लागि आवश्यक पर्ने रु. ३०००/(तीहजार मात्र) बैंकमा दाखिला गरेको सक्कल भौंचर यसै साथ पेश गरेको छु/छौं।

धान बिक्री सम्बन्धमा यस कम्पनीबाट मिति २०८१/०९/२३ गतेको गोरखापत्रमा प्रकाशित सूचनामा हामीले राम्रो अध्ययन गऱ्यौ।उक्त सूचनामा उल्लेखित सम्पूर्ण शर्तहरु हामीलाई मान्य छ।

मेरो/हाम्रो बोलपत्र स्वीकृत भएमा तोकिएको अवधि भित्र धरौटी रकम/जमानत पेश गरी सम्झौता गरी मैले/हामीले कबोल गरेको दररेट अनुसार हुन आउने सम्पूर्ण रकम अग्रिम रुपमा त्यस कार्यालयमा जम्मा गरी सम्बन्धित कार्यालयबाट उक्त धान तोकेको अवधि भित्र उठाई लैजाने छु/छौ।

## तपसिल

| क्र.सं. | खरिद गर्न कवोल गरेको धानको परिमाण (क्वीन्टलमा) | खरिद गर्न कवोल गरेको धानको दर प्रति क्वी.रु. अंक तथा अक्षर दुवैमा | खरिद गर्न कवोल गरेको धानको जम्मा मूल्य रू . (अंकमा) | खरिद गर्न कवोल गरेको धानको जम्मा मूल्य रू. (अक्षरमा) |
|---|---|---|---|---|
| | | | | |

दरभाउपत्रदाता/प्रोप्राईटर/प्रतिनिधीको दस्तखतः

दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाता/फर्म/संस्थाको नामः

प्रोप्राईटर /प्रतिनिधीको नामः

पूरा ठेगानाः

टेलिफोन नं

Email:

दरभाउपत्र फारम प्रमाणित गर्नेः................................

दस्तखतः...............................

फर्मको छापः

# <u>धान खरिद/बिक्री सम्झौता पत्र</u>

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय/मुख्य शाखा कार्यालय/शाखा कार्यालय ................................... (जसलाई यस पछि कम्पनी भनिनेछ) र..........................................(जसलाई यस पछि खरिदकर्ता भनिने छ) का बीच कम्पनीको गोदाममा रहेको धान जे जस्तो अवस्थामा मौज्दात रहेको छ सोही अवस्थामा तपसिल बमोजिम खरिद/बिक्रि गर्न दुबै पक्षको मञ्जुरी भई प्रचलित कानून अन्तर्गत यो सम्झौताको दुई प्रतिमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

**<u>तपसिल</u>**

१. धानको खरिद बिक्री मूल्य प्रति क्वी. खुद तौल (Net Weight) को रु.............................. अक्षरेपी रु............................ हुनेछ। धान कस्ती बोराको थप मूल्य रु. २०० लाग्ने हुनेछ।

२. सम्झौता गरेको मितिले कम्तिमा ९० दिन म्याद रहेको "क" वर्गको वाणिज्य बैंकको कार्य सम्पादन बैंक जमानत पत्र (Performance Bond)नम्वर............. को रू...................बराबर खरिदकर्ताले कम्पनीमा पेश गरेको हुनुपर्नेछ।

३. खरिदकर्ताले धान खरिद/बिक्री सम्झौता भएको मितिले बढिमा ३० (तीस) दिन भित्र रकम अग्रिम रुपमा जम्मा गरी सोही अवधि भित्र धान उठाई लैजानु पर्नेछ।

४. खरिद/बिक्री गरिने धान कम्पनीको प्रादेशिक कार्यालय/मुख्य शाखा कार्यालय/शाखा कार्यालय................................... स्थित गोदामबाट डेलिभरी दिईने छ। तौलाई खर्च, सिलाई, लोड, अनलोड, ढुवानी, स्थानीय कर लगायत लाग्न जाने अन्य खर्च खरिदकर्ताले व्यहोर्नु पर्नेछ।

५. यो सम्झौता बमोजिम तोकिएको अवधि भित्र तोकिएको रकम दाखिला गरी तोकिएको परिमाण धान उठाउनु पर्नेछ। अन्यथा सम्झौता भंग गरी बैकल्पिक व्यवस्थाबाट कम्पनीले धान बिक्री गर्न सक्नेछ।

६. धान खरिद/बिक्री सम्पन्न भईसके पछि कम्पनीको नाममा जारी भएको बैंक जमानत कम्पनीले फुकुवा गर्नेछ।

७. यो सम्झौताका शर्तहरु कार्यान्वयन सम्बन्धमा विवाद उत्पन्न सो उपर कम्पनीको व्यवस्थापनले अन्तिम निर्णय गर्नेछ र व्यवस्थापनले गरेको निर्णय दुबै पक्षलाई मान्य हुनेछ।

खरिदकर्ताको तर्फबाट
व्यक्ति/फर्म/संस्था वा कम्पनीको नामः
ठेगानाः
दस्तखतः

कम्पनीको तर्फबाट
दस्तखतः
नामः
पदः

<u>साक्षी</u>
दस्तखतः
नामः
पदः

<u>साक्षी</u>
दस्तखतः
नामः
पदः

**इति सम्बत् २०८१/ साल ................ महिना.......... गते रोज शुभम्**